Himalayan Capital
A wholly owned subsidiary of Himalayan Bank Limited

चलानी नं. एमवि/५२४/२०७९/०८० मिति : २०८०/०१/०७

श्री नेपाल धितोपत्र बोर्ड
सुपरिवेक्षण विभाग,
खुमलटार, ललितपुर ।

**विषय : श्रीस्टार हाईड्रोपावर लिमिटेडको स्थानियबासी तथा बैदेशिक रोजगारीमा रहेका नेपालीहरुमा साधारण शेयरको निष्कासन तथा बिक्री खुल्ला हुने सम्बन्धी सूचना प्रकाशित गर्ने बारे ।**

**महोदय,**

यस कम्पनीको निष्कासन तथा बिक्री प्रबन्धकत्वमा निष्काशन गर्न लागिएको श्री श्रीस्टार हाईड्रोपावर लिमिटेडको १२,३१,२५० कित्ता साधारण शेयर मध्ये रु ४,९२,५०,०००/-(अक्षरेपी चार करोड बयानब्बे लाख पचास हजार रुपैया मात्र) रकम बराबरको रु.१००/- अंकित दरका ४,९२,५०० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि र १०% अर्थात रु. ७,३८,७५,०००/- (अक्षरेपी सात करोड अड्तिस लाख पचहत्तर हजार रुपैया मात्र) रकम बराबरको रु.१००/- अंकित दरका ७,३८,७५० कित्ता शेयर मध्ये ७३,८७५ कित्ता साधारण शेयर (सर्वसाधारणमा निष्काशन गर्ने शेयरको १० प्रतिशत) नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाई साधारण शेयरहरुको सार्वजनिक निष्काशन गर्नको लागि मिति २०८०/०१/०४ गते आह्वान पत्र प्रकाशित गरिएको व्यहोरा तहाँलाई विदितै छ ।

सोही सन्दर्भमा स्वीकृत विवरण पत्र अनुसार पहिलो चरणमा स्थानीयबासीहरु तथा बैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई छुट्याइएको शेयर निष्काशन गर्नुपर्ने व्यवस्था भए बमोजिम धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम उक्त शेयरहरु **मिति २०८०/०१/११ गतेदेखि छिटोमा मिति २०८०/०१/२५ र ढिलोमा मिति २०८०/०२/०९** गते सम्म निष्काशन तथा बिक्री खुल्ला गर्न लागिएको हुँदा उक्त शेयरको निष्काशन तथा बिक्री खुल्ला हुने सम्बन्धी सूचनाको कपि थान १ तहाँको जानकारीका लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ । साथै सो सूचना तपशिल बमोजिमको मिति तथा पत्रिकामा प्रकाशित गरिने व्यहोरा जानकारी गराउदछौं ।

उक्त स्थानीयबासीहरुको शेयर निष्कासन प्रयोजको लागी तयार गरिएको दरखास्त फारम १ प्रति तहाँको जानकारीको लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

**तपशिल**

| क्र. सं. | मिति | पत्रिकाको नाम | कैफियत |
|---|---|---|---|
| १ | २०८०/०१/११ | कारोवार राष्ट्रिय दैनिक | स्थानीयवासी तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई साधारण शेयर निष्कासन तथा बिक्री खुला गर्ने सम्बन्धी |

साथै स्वीकृत विवरणपत्र तहाँको वेवसाईटमा राख्नको लागी तहाँको ईमेल ठेगाना intermediary@sebon.gov.np र support@sebon.gov.np मिति २०८०/०१/०७ गते पठाईएको व्यहोरा समेत अनुरोध छ ।

भवदीय,

रोविन कार्की
मर्चेण्ट बैंकिङ्ग विभाग

राम प्रसाद भट्टराई
प्रमुख मर्चेण्ट बैंकिङ्ग

हिमालयन क्यापिटल लिमिटेड
काठमाडौं

PO Box: 4518, Tridevi Marga, Thamel
Kathmandu, Nepal
+977 01-5358345, 01-5363147
info@himalayancapital.com
www.himalayancapital.com
Merchant Banker Institution approved by Securities Board of Nepal